# आकाशवाणी समाचार- नेपाली

मितिः ०१ मार्च २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

1. प्रधान मन्त्री नरेन्द्र मोदीले आज तमिलनाडु र पुडुचेरीमा 7,100 करोडभन्दा अधिकको धेरै विकास परियोजनाहरूको शुभारंभ गर्नुहुनेछ।
2. विदेशमन्त्री डा. एस जयशंकरले क्षेत्रीय तनावका बीच खाडी देशहरूका विदेशमन्त्रीहरूसँग बातचीत गर्नुभयो।
3. सर्वोच्च न्यायालयको निर्देशनहरूको पालन गर्दै निर्वाचन आयोगले**.आई.आर.** पछि पश्चिम बंगालको अन्तिम मतदाता सूची प्रकाशित गरेको छ।
4. विधानसभा चुनाउको मिति आधिकारिक रूपमा घोषणा हुन अगावै उत्तर बंगालमा सुरक्षा व्यवस्था कड़ा बनाइएको छ।
5. आइसीसी बिस्वकप क्रिकेटमा भारत र वेस्ट इन्डिजबीचको म्याचलाई ध्यानमा राख्दै कोलकाता मेट्रोले थप मेट्रो सेवा सञ्चालन गर्ने निर्णय गरेको छ।

**पीएम-तमिलनाडु पुद्दुचेरी**

प्रधान मन्त्री नरेन्द्र मोदीले आज तमिलनाडु र पुडुचेरीमा 7,100 करोडभन्दा अधिकको धेरै विकास परियोजनाहरूको शुभारंभ गर्नुहुनेछ। प्रधानमन्त्री राजस्थान र गुजरातको भ्रमण गरेर गएराति चेन्नई पुग्नुभएको हो। प्रधान मन्त्रीले आज बिहान पुडुचेरीमा 2 हजार सात सौ करोड़ रुपैयाँभन्दा अधिकका विभिन्न विकास परियोजनाहरूको उद्घाटन, लोकार्पण र शिलान्यास गर्नुहुनेछ। यसमा चेन्नई बीच-चेन्नई एग्मोर चौथो रेल लाइनको उद्घाटन समावेश छ। यस परियोजनाले चेन्नई उपनगरीय रेल नेटवर्कको परिचालन क्षमता बढाउनेछ। यस अवसरमा प्रधानमन्त्रीले जनसभा लाई सम्बोधन गर्ने कार्यक्रम छ।

**जयशंकर-खाड़ी विदेश मंत्री**

विदेशमन्त्री डा. एस जयशंकरले क्षेत्रीय तनावका बीच खाडी देशहरूका कैयौँ विदेशमन्त्रीहरूसँग बातचीत गर्नुभयो र वार्ता र कूटनीतिका माध्यमबाट तनाव कम गर्नुपर्नेमा जोड दिनुभयो। जयशंकरले संयुक्त अरब अमीरातका विदेश मन्त्री **शेख अब्दुल्ला बिन जायद अल-नाहयान**सँग खाडी क्षेत्रको विकसित अवस्थाको बारेमा छलफल गर्नुभयो। यस्तै जयशंकरले साउदी अरबका विदेशमन्त्री **शहजादे फैसल बिन फरहान**सँग खाडी क्षेत्रको वर्तमान अवस्थाबारे पनि छलफल गरेको जानकारी दिनुभयो। विदेशमन्त्रीले कतारका प्रधानमन्त्री तथा विदेशमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान बिन जासिम अल थानीसँग पनि वार्ता गर्नुभयो। विदेश मंत्री जयशंकरले बहराइनका विदेशमन्त्री डा. अब्दुल्लातिफ बिन रसिद अल जायनीसँग क्षेत्रीय घटनाक्रमबारे छलफल गर्नुभयो। यसैगरी विदेश मंत्रीले कुवेतका विदेशमन्त्री शेख जर्राह जाबेर अल–अहमद अल–सबाहसँग पनि कुराकानी गर्दै तनाव बढेकोमा भारतको चिन्ता व्यक्त गर्नुभयो।

**एसआईआर**

निर्वाचन आयोगले पश्चिम बंगालमा विशेष गहन पुनरीक्षण एसआईआरपछिहिजो अन्तिम मतदाता सूची सार्वजनिक गरे को छ। यो क्रममा लगभग ६३ लाख 66हजार अनुपस्थित, स्थानान्तरित, मृत र डुप्लिकेट नाम डिलिट भएका थिए।

*मुख्य निर्वाचन अधिकारी मनोज अग्रवालले एक पत्रकार सम्मेलनमार्फत 'मस्यौदा सूचीमा दर्ता भएका मतदाताहरूको स ख्या ७ करोड ६६ लाखबाट अब सात करोड़ चार लाख भएको बताउनु भयो। उहाले भन्नुभयो, विशेष गहन पुनरीक्षणको पहिलो चरणमा, तीन लाख 75 हजार मतदाताहरूलाई ड्राफ्ट सूचीबाट हटाइएको थियो, जब कि एक लाख 82 हजार नयाँ मतदाताहरू समावेश गरिएको थियो,। यसबाहेक ६० लाख मतदाता 'विचाराधीन' श्रेणीमा छन्, जस को मताधिकारको निर्णय स्थानीय न्यायिक निकायले गर्नेछ । उहाले यो विशाल अभियानमा भएका सानातिना गल्ती स्वीकार्दै आ योगले तत्काल सच्याएको बताउनुभयो। डिसेम्बरमा जारी गरिएको मस्यौदा सूचीबाट ५८ लाखभन्दा अधिक नाम यसअघि नै हटा इएको थियो र 'विचाराधीन' नामहरूको निर्णयपछि यो संख्या अझ बढ्ने छ। विपक्षी दलका नेता शुभेन्दु अधिकारीको पूर्वी मिदनापु र जिल्लाको नन्दीग्राम निर्वाचन क्षेत्रबाट ११ हजार ना म हटाईएको छ। उल्लेखनीय छ गत बर्ष सुरु भएको यो तीन महिनाको विशेष गहन पुनरीक्षण प्रक्रिया, राज्यभरि राजनीतिक आरोप, सडक प्रदर्शन र अदालती लडाईको बीचमा सम्पन्न भयो। आगामी विधानसभा चुनाव निष्पक्ष होस् भनेर मतदाता नामावलीलाई पूर्ण रूपमा शुद्ध बनाउनु उद्देश्य थियो। निर्वाचन आयोगको यो कदमले निर्वाचन प्रक्रियाको पारदर्शिता बढाउने मानिएको छ ।*

यता दार्जीलिङ संसदीय क्षेत्र अन्तर्गतका पाँच विधानसभामा जम्मा एघार लाख 48 हजार दुई सय नौ मतदाता दर्ता भएका छन्। यो संख्या १६ डिसेम्बर २०२५ मा प्रकाशित मस्यौदा नामावली भन्दा उल्लेखनीय रूपमा कम हो। पुनरावलोकन अघि, २७ अक्टोबर २०२५ सम्म जिल्लामा 12 लाख 92 हजार आठसय 57 मतदाता रहेका थिए, जसले व्यापक संशोधन भएको संकेत गर्छ। अधिकारीहरूका अनुसार विस्तृत छानबिनपछि दोहोरो, मृतक तथा अयोग्य नाम हटाइएकाले संख्या घटेको हो। पुनरावलोकन प्रक्रिया घर–घर प्रमाणीकरण र त्यसपछि दाबी–आपत्ति अवधिमार्फत सम्पन्न गरिएको थियो।

**एसआईआर विवाद तीव्र**

पश्चिम बंगालमा विशेष गहन संशोधनलाई लिएर राजनीतिक विवाद तीव्र भएको छ। निर्वाचन आयोगले अन्तिम मतदाता सूची जारी गऱ्यो, जसमा लगभग ६३ लाख मतदाताहरुलाई समावेश गरिएको थिएन र ६० लाखलाई शंकास्पद रूपमा सूचीबद्ध गरिएको थियो। यसले सत्तारूढ तृणमूल कांग्रेस र मुख्य विपक्षी भारतीय जनता पार्टीका नेताहरूबीच चर्को बयनबाजी शुरु भएको छ। यद्यपि, दुवै पक्षले यो मुद्दा अब न्यायिक प्रक्रियामा रहेको र अन्तिम निर्णय न्यायपालिकामा रहने बताउनु भएको छ। राज्यकी मन्त्री चन्द्रिमा भट्टाचार्यले विशेष गहन संशोधनको विवाद अब राजनीतिक क्षेत्रभन्दा बाहिर पुगेको र न्यायिक अधीनमा रहेको बताउनु भएको छ। उहाँले भन्नु भयो,  सर्वोच्च अदालतले यस मुद्दाको समीक्षा गरिरहेको छ र उनको न्यायपालिकामा पूर्ण विश्वास छ।

**एसआईआर - भवानीपुर**

आगामी पश्चिम बंगाल विधानसभा चुनाव अघि मुख्यमन्त्री ममता ब्यानर्जीको निर्वाचन क्षेत्र भवानीपुरमा मतदाता सूचीको विशेष गहन संशोधन एसआईआरले राज्यको राजनीतिक वृत्तमा ठूलो हलचल मच्चाएको छ। हिजो प्रकाशित अन्तिम मतदाता सूची अनुसार दक्षिण कोलकाताको यो उच्च-प्रोफाइल निर्वाचन क्षेत्रबाट जम्मा ४७ हजार ९४ मतदाताहरू हटाइएको छ। थप रूपमा १४ हजार १५४ मतदाताहरूलाई पेन्डिङ श्रेणीमा राखिएको छ, जसको भाग्य कागजात प्रमाणीकरणपछि निर्णय गरिनेछ। यदि यी पेन्डिङ नामहरू पनि हटाइयो भने, भवानीपुरको कुल मतदाता आधारमा उल्लेखनीय गिरावट आउन सक्छ।
यो विकास राजनीतिक रूपमा पनि महत्त्वपूर्ण छ किनभने मुख्यमन्त्री ममता ब्यानर्जीले २०२१ को भवानीपुर उपचुनावमा लगभग ५८ हजार मतको अन्तरले जित्नु भएको थियो। अब, मेटाइएका नामहरूको संख्या विजयको त्यो अन्तरको धेरै नजिक पुगेको छ, जसले गर्दा आगामी चुनावमा ठूलो परिवर्तन हुने सम्भावना बढेको छ।

**दिलीप घोष**

पश्चिम बंगालमा चुनाउ अवधि केन्द्रिय बलहरूको आवश्यकतामाथि बल दिँदै भारतीय जनता पार्टीका नेता दिलीप घोषले भन्नु भयो, केन्द्रिय बलहरूबिना राज्यमा निष्पक्ष चुनाउ सम्भव हुनेछैन। हिजो कोलकातामा पत्रकारहरूसित बातचित गर्नु हुँदै श्री घोषले आरोप लगाउनु भयो, राज्यमा पहिला पनि तनाउ अनि हिंसाको माहोलबीच एसआईआर प्रक्रियालाई संचालन गरिएको थियो जसबाट मतदाताहरूमा भय व्याप्त भएको छ। उहाँले भन्नु भयो, चुनाउ एक संवेदनशील प्रक्रिया हो भने मतदाताहरूले निर्भय भएर

मतदान गर्ने अवसर पाउनुपर्छ। श्री घोष अनुसार चुनाउको बेलामा जनताले स्वयं केन्द्रिय बलहरूको माग गरिरहेका छन्। भाजपाको परिवर्तन यात्रामाथि उहाँले भन्नु भयो, राज्यसरकारले अनुमति दिरहेको छैन, तर हामीसित अदालतको अनुमति छ। हामी निश्चय पनि अगाड़ी बढ्नेछौं। उहाँले दाबी गर्नु भयो, आगामी चुनाउमा राज्यका जनता परिवर्तन चाहन्छन्।

**क्षेत्रमा केन्द्रिय सुरक्षा बल**

विधानसभा चुनाउको मिति आधिकारिक रूपमा घोषणा हुन अगावै उत्तर बंगालमा सुरक्षा व्यवस्था कड़ा बनाइएको छ। अन्तिम मतदाता सूची जारी हुनसाथ सिलगढ़ी महकुमाको नक्सलबाड़ी, खोरीबाड़ी र फाँसीदेवा क्षेत्रमा केन्द्रिय सुरक्षा बलहरूका तीन कम्पनी आइपुगेका छन्। प्रशासनिक सूत्र अनुसार मालबजारबाट सशस्त्र सीमा बल (एसएसबी)- को एक कम्पनी खोरीबाड़ी आइपुग्यो भने दोस्रो कम्पनी फाँसीदेवामा तैनाथ भएको छ। खोरीबाड़ीको जेआर हिन्दी हाई स्कूल एवं फाँसीदेवा किसान बजारमा जवानहरूको निम्ति बस्ने व्यवस्था गरिएको छ। यसरी नै सिक्किमबाट 97 जवानहरूको एक कम्पनी नक्सलबाड़ी आइपुगेको छ। यी जवानहरूको बस्ने व्यवस्था नक्सलबाड़ी कलेजमा गरिएको छ।पुलिस अधिकारीहरूले बताएअनुसार केन्द्रिय बलहरूले फाँसीदेवा र माटीगाड़ा-नक्सलबाड़ी विधानसभा क्षेत्रका संवेदनशील बूथ अनि सीमावर्ती क्षेत्रहरूमा रूट मार्च गर्न शुरू गर्नेछन्। प्रशासनको भनाइ छ, शान्तिपूर्ण तथा निष्पक्ष चुनाउ सुनिश्चित गर्नको लागि सतर्क कदम उठाइएको हो।

**दार्जिलिङ प्रेस गिल्ड सम्मान**

दार्जिलिङ प्रेस गिल्डको 25औं स्थापना दिवसमा आदि पत्रकार पादरी गंगाप्रसाद प्रधानलाई मरणोपरान्त दार्जिलिङ प्रेस गिल्ड सम्मान प्रदान गरिएको छ। यस अवसरमा पादरीका परिवारका सदस्यहरूलाई सम्मान जनाइयो। कार्यक्रममा भारतीय नेपाली गोर्खाहरुका आदि पत्रकार एवं गोर्खे खबर कागतका सम्पादक पाद्री गङ्गाप्रसाद प्रधानको सातौँ पुस्तासम्मका परिवारका सदस्य सदस्याहरुलाई सम्मान जनाइएको छ। पाद्री गङ्गाप्रसाद प्रधानको चौथो पुस्ता नाति स्व महेन्द्र प्रधानको छोरा जीवन प्रधान (जो पाँचौं पुस्ता) र उनका परिवारका सदस्य सदस्याहरू र सातौँ पुस्ताका सबैभन्दा सानो बालकसम्मलाई प्रमुख अतिथि तथा विशिष्ट अतिथिको बाहुलीबाट सम्मान जनाइयो। कार्यक्रममा पाद्री गङ्गाप्रसाद प्रधानको परिवारलाई खदार्पणसहित शल ओढाएर स्मृति चिन्ह र सम्मान पत्र प्रदान गरेर सम्मान जनाइयो। प्रेस गिल्डका सह सचिव एवं पत्रकार धनराज घिसिङले पाद्री गङ्गाप्रसाद प्रधानको जीवनी र योगदान विषयमा प्रकाश पारेका थिए। पाद्री गङ्गाप्रसाद प्रधानको पाँचौँ पुस्ताका सदस्य जीवन प्रधानले यस सम्मानको लागि दार्जिलिङ प्रेस गिल्डलाई धन्यवाद दिनु भयो। उहाँले यो सम्मानले आफुहरुलाई पनि ऊर्जा प्राप्त भएको बताउनु भएको छ।

**ईडन गार्डन्स**

भारत र वेस्ट इन्डिजबीचको सुपर ८ म्याचलाई ध्यानमा राख्दै कोलकाता मेट्रोले थप मेट्रो सेवा सञ्चालन गर्ने निर्णय गरेको छ। साधारणतया ब्लूलाइनको अन्तिम मेट्रो राति ९ः५५ मा छुट्ने भए पनि म्याच हेर्न आउने दर्शकको सुविधाका लागि आइतबार राति ११ः१५ बजे विशेष मेट्रो सञ्चालन हुनेछ। यो सेवा एस्प्लेनेड–दक्षिणेश्वर र एस्प्लेनेड–सहिद खुदिराम सेक्शनमा उपलब्ध हुनेछ। दुवै टिमका लागि यो खेल निकै निर्णायक हुनेछ। वेस्ट इन्डिजले सन् २०१६ मा यही मैदानमा दोस्रो पटक टी–२० विश्वकपको उपाधि जितेको थियो। अब भारत र वेस्ट इन्डिज दुवैले सुपर-८ चरणको अन्तिम खेल जित्नैपर्छ, त्यसपछि मात्र उनीहरू आईसीसी पुरुष टी-२० विश्व कप २०२६ को सेमिफाइनलमा पुग्न सक्षम हुनेछन्।

****** ० ******